का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९८
❒ १५ जेठ २०७७, बिहीबार
❒ 28 May 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ८८६ जना | १८३ जना | ५८२७७ | ५८२ | ४ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५७ लाख १९ हजार | २४ लाख ५६ हजार | ३ लाख ५३ हजार | २९ लाख ९ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# संक्रमण बृद्धिदर तेस्रो अंकमा

## ■ १८३ जना संक्रमित निको भएर फर्किए

**कोभिड महामारी रोकथामका लागि सरकारले लकडाउन जारी गरेको दुई महिना पार गरेको छ । तर, जेठको पहिलो साताबाट बढेको संक्रमणको दर उच्च देखिएको छ । यो अवधिमा चार जनाको मृत्यु समेत भइसकेको छ ।**




**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ ।

गएको माघ ९ गते नेपालमा पहिलो संक्रमण देखिएको थियो । त्यस यता महामारी रोकथामको विभिन्न प्रयास गरिएको छ । विशेषगरी विश्वव्यापी महामारी रोकथाम गर्न सरकारले लकडाउन जारी गरेको पनि जेठ ११ गते नै दुई महिना पुगेको छ । यो दुई महिनाको अवधिमा जेठको शुरुबाट देखिन थालेको संक्रमण दर उच्च देखिएको छ ।

बुधबार एकै दिन संक्रमित भेटिनेको संख्या तीन अंकमा पुगेको छ । मंगलबार ९२ जनामा संक्रमण देखिएको थियो । तर, बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलनमा एकै पटक ११४ जनामा संक्रमण पुष्टि भएको जनाएको छ । यो सँगै, नेपालमा कोरोना संक्रमितको कुल संख्या ८८६ पुगेको छ ।

मन्त्रालयका प्रवक्ता विकास देवकाटाले कूल संक्रमित मध्ये ७९६ पुरुष र ९० महिला रहेको जानकारी दिए । संक्रमण पुष्टि भएकामा सप्तरीको बोदेबसाइन नगरपालिकाका आठ, बालनविभूल गाउँपालिकाका दुई र सुरुङ्गा नगरपालिकाका एक जना छन् ।

झापाको गौरादह नगरपालिकाका दुई, कचनकवल नगरपालिकाका १५ जना छन् । मकवानपुरको हेटौंडाका एक, रौतहटको गढिमाई नगरपालिकाका सात, बागलुङको तमानखोला गाउँपालिकाका चार र बडिगाड गाउँपालिकाका दुई, रुकुमपूर्वको पुथाउत्तरगङ्गा गाउँपालिकाका तीन, दाङको घोराही उपमहानगरपालिकाका सात र लमही नगरपालिकाका आठ, बाँकेको डुडुवा गाउँपालिकाका दुई, राप्ती सोनारी गाउँपालिकाका सात, वैजनाथ गाउँपालिकाका छ र खजुरा गाउँपालिकाका एक जना छन् ।

सिरहाको सिद्धिचरण नगरपालिकाका एक, सिरहा स्थायी ठेगाना भएका तर हाल सप्तरीको रुपनी बस्ने एक, बाराको पचौंदा नगरपालिकाका सात, रौतहट स्थायी ठेगाना भई हाल बारामा रहेका एक, रौतहटको गौर नगरपालिकाका आठ, देवाही भोनाही नगरपालिकाका दुई, कटहरिया नगरपालिकाका दुई र रौतहटकै अन्य स्थानका १६ जना छन् । सबै पहिचना भएका संक्रमित क्वारेन्टिमै रहेका प्रवक्ता देवकाटाले जानकारी दिए ।

सबैभन्दा बढी संक्रमित प्रदेश नं ५ का छन् । सो प्रदेशका नौ जिल्लामा ३६५ जनामा संक्रण पुष्टि भएको छ । सबैभन्दा कम सुदूरपश्चिम प्रदेशका पाँच जिल्लामा १७ जना संक्रमित फेला परेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । प्रदेश नं १ का सात जिल्लामा १०३, प्रदेश नं २ का आठ जिल्लामा ३२४, वाग्मती प्रदेशका ११ जिल्लामा ३९, गण्डकी प्रदेशको चार जिल्लामा १३ र कर्णाली प्रदेशको तीन जिल्लामा २५ सङ्क्रमित फेला परेका छन् । यससँगै कोरोना सङ्क्रमित फेला परेको जिल्ला ४७ पुगेको छ ।

नेपालमा कूल १८३ जनाले कोरोनाको संक्रमण जितेका छन् । विभिन्न अस्पतालको 'आइसोलेसन'मा उपचाररत उनीहरु कोरोनामुक्त भएर 'डिस्चार्ज' भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार हालसम्म १४२ पुरुष र ४१ महिला अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । पछिल्लो बाँकी पृष्ठ २ मा

# खुल्न थाले यूएई र साउदी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ

ठूलो संख्यामा नेपाली कामदार रहेका खाडी मुलुकहरुले सामाजिक दुरीका प्रावधानहरुलाई कडा सावधानीका साथ लागू गर्दै सामाजिक गतिविधि शुरु गरेका छन् । यूएईले लकडाउन खुकुलो गरी आर्थिक गतिविधिलाई तीव्रता दिएको छ । यूएईले प्रमुख व्यापारिक शहर दुबईमा सिनेमाघर, जिम सेन्टर, शैक्षिक संस्थाहरु र मनोरञ्जनका क्षेत्रहरु खुला गरेको छ ।

त्यहाँ स्थानीय समय अनुसार बिहान ६ बजेदेखि राती ११ बजेसम्म सामाजिक सुरक्षाका नियमहरु पालना गर्दै आवागमन तथा सबै प्रकारका व्यापारिक क्षेत्र खोल्न पाइने भएको छ । साउदी अरेबिया पछि मध्यपूर्वको दोश्रो ठूलो अर्थतन्त्र मानिने यूएईको अर्थतन्त्र मुख्य रुपमा पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास र पछिल्ला दिनमा होटल तथा सेवा क्षेत्रमा आधारित रहेको छ ।

ठूलो लगानीमा बनेका विश्वको महँगा होटल रहेको यूएईमा कोरोना भाइरसका कारण गम्भीर असर परेको छ । लामो समय बन्द गर्दा सबै क्षेत्रलाई गम्भीर नकारात्मक प्रभाव पार्ने भन्दै आर्थिक गतिविधि शुरु गरिएको त्यस क्षेत्रको प्रमुख समाचार संस्था अल जजीराको अनलाइन संस्करणले उल्लेख गरेको छ ।

यूएईमा निर्माण क्षेत्रमा पनि ठूलो लगानी रहेको छ । पर्यटन तथा सेवा व्यवसायमा आधारित देशको अर्थतन्त्रलाई चलायमान बनाउन आर्थिक गतिविधि खुला गरिएको बताइएको छ । करिब ४ लाख नेपाली कार्यरत यूएईमा आर्थिक गतिविधि शुरु भए रोजगारीमा रहेका नेपाली कामदारहरुलाई समेत ठूलो राहत मिल्ने अपेक्षा गरिएको छ । यूएईमा बुधबारसम्म ३१ हजार ८६ कोरोना संक्रमित देखिएका छन् । जसमध्ये करिब १६ हजार निको भई घर फर्किएका छन् भने एक जनामात्र गम्भीर अवस्थामा रहेका छन् ।

यस्तै साउदी अरबले पनि स्वास्थ्य निर्देशनको पूर्ण पालना गरेर आफ्ना गतिविधि गर्न विदेशीहरुलाई छुट दिने निर्णय गरेको छ । साउदी अरबले मे ३० सम्म कर्फ्यू आदेश जारी गरेको भएपनि बिहान ६ बजेदेखि दिउँसो ३ बजेसम्म खुकुलो बनाउने, सरकारी तथा निजी क्षेत्रका कार्यालय, व्यापारिक मलहरु पूर्ववत रुपमा सञ्चालन गर्न दिने निर्णय गरेको छ ।

त्यस्तै मे ३० देखि मक्काका सबै मस्जिदमा प्रार्थना शुरु गर्ने, जुन २० सम्म कर्फ्यू आदेश साँझ ८ बजेसम्म खुकुलो बनाउने र मक्काबाहेकका क्षेत्रमा जुन २१ देखि कर्फ्यू हटाउने निर्णय गरेको छ ।

ब्युटी पार्लर, सैलुन, खेलकुद तथा स्वास्थ क्लब तथा मनोरञ्जनात्मक क्षेत्रहरु र उमराह तीर्थयात्रीहरुको आगागमन भने बन्द नै रहने भएका छन् । त्यस्तै साउदीमा अर्को सूचना नभएसम्म अन्तर्राष्ट्रिय उडान बन्द नै रहेपनि आन्तरिक उडानहरु शुरु गरिने बताइएको छ ।

लकडाउन खुकुलो बनाउने सरकारको निर्णयपछि स्थानीयवासी तथा आप्रवासीहरुले लकडाउन समाप्त हुने र जनजीवन पहिलेकै गतिमा फर्किने भन्दै खुशी व्यक्त गरेका छन् । बुधबार साँझसम्म साउदी अरबमा ७६ हजार ७ सय २६ जना कोरोना संक्रमित देखिएका छन् । जसमध्ये ४८ हजार ४ सय ५० जना निको भएर घर फर्किएका छन् भने ३ सय ८४ जना गम्भीर अवस्थामा रहेका छन् । संक्रमणबाट निको हुनेहरुको संख्या उत्साहजनक हुनुका साथै मृतकहरूको संख्यासमेत संक्रमणको तुलनामा न्यून बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## अब मलेसियामा कामदारलाई आरामदायी आवास

काठमाडौं/मस- भनिन्छ महामारीले सधैंभरी संकट मात्र लिएर आउँदैन, कतिपय अवस्थामा त्यसले सुधार र अवसरको ढोका समेत खोल्ने गर्छ । 'एशियन टाईगर' का रुपमा चिनिने मलेसियामा आप्रवासी कामदारहरुका लागि त्यस्तै एउटा अवसर जुटेको छ ।

मलेसियामा आगामी मध्य भदौदेखि सबै क्षेत्रका कामदारहरुलाई रोजगारदाताहरुले अनिवार्य रुपमा आवासको सुविधा दिनुपर्ने भएको छ । हाल त्यहाँ खानी र २० एकड भन्दाबढी क्षेत्रफलमा गरिने प्लानटेशनको क्षेत्रमा कार्यरत आप्रवासी मजदुरहरुले मात्र अनिवार्य रुपमा कम्पनीको आवास सुविधा पाइरहेका छन् ।

कोरोना भाइरस (कोभिड-१९) संक्रमण फैलावटको कारण पहिल्याउने क्रममा आप्रवासी कामदारहरुको साँगुरो र अस्वस्थ वासस्थान पनि एक कारण पाइएपछि मलेसिया सरकारले बाँकी पृष्ठ २ मा

# रोकियो विधेयक

## बजेट घोषणा आज

**प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले केन्द्रीय कार्य समिति बैठक राखेर निर्णय लिने भने पछि प्रतिनिधिसभा बैठकमा बुधबार पेश गर्ने कार्यसूची तय गरिएको संविधान संशोधन विधेयक स्थगित भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ ।

लिम्पियाधुरा सहित समेटेर सरकारले नेपालको नयाँ नक्सा जारी गरेपछि संविधानको अनुसूची-३ मा रहेको निशाना छाप संशोधन गर्ने तयारी गरिएको छ । गएको जेठ १० गते संसद सचिवालयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा.शिवमाया तुम्बाहाङ्फेले संविधान संशोधन विधेयक दर्ता गराएकी थिइन् । उनले दर्ता गराएको विधेयक तत्काल अगाडि बढाउने सरकारको तयारी थियो ।

तर, बुधबार कार्यसूचीमा राखेर पनि फेरि हटाइएको छ । मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा बोलाइएको सर्वदलीय बैठकमा संसदमा प्रतिनिधित्व गर्ने दलहरुलाई प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनमा सहयोग गर्न आग्रह गरेका थिए । तर, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले यसबारे केन्द्रीय कार्य समितिको बैठक राखेर मात्रै निर्णय लिने बतायो । यसपछि नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको सरकारले बुधबारको कार्यसूचीबाट विधेयक हटायो । बैठक शुरु हुनु केही समय अगाडि मात्रै कार्यसूचीबाट विधेयक हटाइएको थियो ।



भमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत काठमाडौंको मिनभवनस्थित नापी विभागमा बुधबार नेपालको नक्सा छाप्दै विभागका कर्मचारी । तस्वीरः रोशन सापकोटा, रासस

संसदको तेस्रो दल जनता समाजवादी पार्टीले निशाना छाप सँगै आफूहरुले उठाउँदै आएको एजेण्डा पनि संशोधन हुनुपर्ने अडान लिएको छ । यसबारे काँग्रेस, जसपा सहित विपक्षी दलहरुले छलफल नै गरिसकेको छ । विपक्षी दलहरुको पूर्ण समर्थन नपाएको सरकारले विधेयक बुधबारको कार्यसूचीबाट हटाएसँगै बजेट घोषणा अगाडि पेश हुने संभावना सकिएको छ ।

बजेट आज

आगामी आर्थिक वर्ष २०७७/७८ को राजश्व र आयको विवरण (बजेट) आज आउँदैछ । गएको जेठ २ गते राष्ट्रपतिबाट पेश भएको नीति तथा कार्यक्रमको आधारमा अर्थमन्त्री युवराज खतिवडाले संसदमा बजेट पेश गर्दैछन् । संसद सचिवालयका अनुसार, दुवै सदनको संयुक्त बैठकमा अपराह्न ४ बजे बजेट प्रस्तुत हुने भएको छ ।

नेपालको संविधानबमोजिम हरेक वर्ष जेठ १५ गते सरकारले संसद्मा वार्षिक बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले बैठकका लागि दिउँसो ३:४५ बाँकी पृष्ठ २ मा

# सीलले रोकिएन प्रवेश

**काठमाडौं/मस-** काठमाडौं उपत्यका प्रवेशमा कडाइ गरेको बताइए पनि अझै लुकीछिपी तथा प्रहरीको आँखा छलेर आउने क्रम भने रोकिएको छैन । पास प्राप्त गाडीमा अनावश्यक व्यक्ति प्रवेश गर्ने गरेको र रातिको समयमा प्रहरीको जाँच कम हुने मौका छोपेर मानिस आउने गरेका छन् । प्रहरीले कडाइ गरेको बताए पनि त्यसरी छलेर आउने क्रम देखिएको उपत्यका नगरपालिका फोरमका सचिव मदनसुन्दर श्रेष्ठले जानकारी दिए ।

पछिल्लो समयमा काठमाडौं उपत्यकाको विभिन्न क्षेत्रमा कोभिड-१९ को संक्रमण देखिएको छ । चन्द्रागिरि, टोखा, मैतीदेवी, बानेश्वर, कालीमाटीलगायत क्षेत्रमा बस्ने व्यक्तिमा कोभिड १९ देखिएको छ । मुलुकभर नै रोगको संक्रमण दर बढ्दै जाँदा उपत्यकाको नाका सिल गर्ने कुरामा भने कुनै कञ्जुस्याइँ गर्न नहुने सचिव श्रेष्ठले बताए ।

उनले भने, "बन्दाबन्दीलाई आन्तरिकरुपमा केही खुकुलो बनाउने विषयमा हाम्रो सहमति हो तर नाकाको आवागमन भने पूर्ण निषेध गर्नैपर्छ, नत्र उपत्यकामा सङ्क्रमण दर धान्न गाह्रो हुनसक्छ ।"सरकारले बन्दाबन्दीको अवधि लम्ब्याउँदै उपत्यका प्रवेशमा कडाइ गरेको जनाएको छ ।

गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्मा उपत्यकामा हुने आवागमनमा थप कडाइ गरेको प्रष्ट्याए । यो निर्णयलाई ७५ वटै जिल्लामा परिपत्र गरेर पठाइ सकिएको उनको भनाइ छ । मन्त्रालयले उक्त निर्णय कार्यान्वयनका लागि उपत्यकाका १८ वटै स्थानीय तहमा परिपत्र पनि पठाएको छ ।



लकडाउनका कारण भारत मै रोकिएका नेपाली नागरिक बुधबार वीरगन्ज नाकाबाट प्रवेश गर्दै । सिमावर्ती भारतीय सहर रक्सौलमा एक महिनादेखि रोकिएका चार सय भन्दाबढी नेपाली वीरगन्ज नाकाबाट नेपाल प्रवेश गरे । तस्वीर : बिजयकुमार महतो

उपत्यका प्रवेश गर्ने सबै नाका अत्यावश्यक प्रयोजनका लागिबाहेक पूर्णरुपमा सिल गर्ने र लुकीछिपी आउने क्रमलाई रोक्ने गृहको निर्णयमा उल्लेख छ । श्रेष्ठका अनुसार उक्त निर्णय अझै प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । बाँकी पृष्ठ २ मा

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सलह किरा रोकथाममा सरकारको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ



सलह किराको रोकथाम तथा नियन्त्रणका लागि अध्ययन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्राविधिक समिति गठन गरेको छ। अफ्रिकी मुलुकबाट अरेबियन देश हुँदै एसियाको इरान, अफगानिस्तान, पाकिस्तान र भारतसम्म आइपुगेको सलह किरा नेपालमा समेत आउने सम्भावना बढेको छ।

यससँगै कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उक्त किराबाट नेपालमा हुनसक्ने क्षति र रोकथामको विषयमा अध्ययन गर्न प्राविधिक समिति गठन गरेको हो। मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा. हरिबहादुर केसीले नेपालमा सलह किरा आउन सक्ने सम्भावना उच्च रहेकोले त्यसको रोकथाम कसरी गर्ने भन्ने विषयमा अध्ययन गर्न समिति गठन गरिएको बताए।

उनले प्लान्ट क्वारेन्टाइन तथा विषादी केन्द्रका प्रमुखको अध्यक्षतामा कृषि वैज्ञानिक र प्राविधिकहरु सम्मिलित समिति गठन गरिएको बताए। उनले भने, 'हामीले त्यसको पूर्व तयारी पहिलो आउने कि नआउने जोखिम कति हो भनेर विश्लेषण गर्नुपर्ने हुन्छ र आएको अवस्थामा गर्नुपर्ने कामहरु त्यसको पूर्वतयारी गर्नुपर्छ। त्यसको लागि हामीले एउटा प्राविधिक समिति बनाएका छौं। त्यो प्राविधिक समितिले अहिले अध्ययन गर्दै छ। भारतबाट नेपालमा आउन सक्ने सम्भावना कति हो ? आउन सक्ने सम्भावना छ भने त्यसको लागि हामीले गर्ने तयारी के के हुन् ? त्यसका लागि विभिन्न विषादीहरुको उपलब्धताको कुरा हुनसक्छ, उपकरणहरुको कुरा हुनसक्छ ती कुरा हामीसँग छन की छैनन् ? पहिला त्यो के चिज हो र त्यसको उपलब्धता तथा परिचालन कसरी हुन्छ भन्ने कुराको बारेमा तयारी गर्न प्लान्ट क्वारेन्टाइन तथा विषादी केन्द्रका प्रमुखको अध्यक्षतामा नेपालमा उपलब्ध वैज्ञानिकहरु, प्राविधिकहरुको टीम बनाइएको छ। त्यो टीमले काम सुरु गरेको छ। त्यसले गरेको कामका आधारमा मन्त्रालयले के गर्नुपर्छ त्यो तयारी गर्दै जान्छ।'

सलह किरा फट्याङ्ग्रा वर्गको किरा हो। संयुक्त राष्ट्रसंघको कृषि तथा खाद्य संगठनले यो किराको नाम सलह (Locust) प्लेग दिएको छ। सलहको वैज्ञानिक नाम Schistocerca Gregaria हो। यो किरा समुहमा बस्छ र कृषि बालिमा अमेरिकी फौजी किराले भन्दा बढी क्षति पुऱ्याउँछ। सलह किरा करोडौंको संख्यामा हुन्छन्। यो किराले हरियो वनस्पतिलाई छोटो समयमा पात र डाँठ समेत गरी खाइदिन सक्छ।

यस्तै एक दिनमा १ सय ५० किलोमिटर भन्दा बढी टाढा सम्म पुग्न सक्छन्। यो किरा भारतको राजस्थान हुँदै दिल्ली तथा आग्राको क्षेत्रसम्म आइपुगेको छ। नेपालमा पनि सुदूरपस्चिम प्रदेश र प्रदेश नम्बर पाँचमा सबैभन्दा पहिला आउन सक्ने अनुमान मन्त्रालयले गरेको छ। त्यसको लागि प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरुलाई जानकारी गराइसकेको प्रवक्त केसीले बताए। उनले सलह किराको नियन्त्रणका लागि विषादी प्रयोग गर्नुको विकल्प नहुने बताए। त्यसैले विषादीको उपलब्धता र त्यसको प्रयोग गर्ने उपकरणको उपलब्धताको तयारीको प्रक्रियामा मन्त्रालय लागि सकेको उनले बताए।

मन्त्रालयले सलह किराको आक्रमण र यसको जोखिम तथा रोकथामको बारेमा मिडिया मार्फत किसानहरुलाई जानकारी दिने तयारी समेत थालेको प्रवक्ता केसीले बताए। यो किराको प्रकोप खासगरी जेठ महिनादेखि असोज सम्म हुने गर्छ। जलवायु परिवर्तन र वातावरणमा भएको सुख्खापनले सलह किराको जनसंख्या बढेको अन्तर्राष्ट्रिय कृषि वैज्ञानिकहरुले बताउँदै आएका छन्। नेपाल लगायत संसारका सबै भूभागमा वातावरणीय परिवर्तन हुँदा न्यानो बढेकोले यो किराको जीवनचक्रमा परिवर्तन आएको विज्ञहरु बताउँछन्।

# आज गणतन्त्र दिवस

## ■ तीन दिन दीपावली गर्न अपिल




**काठमाडौं/मस–** नेपालमा २३८ वर्षीय राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतन्त्रिक गणतन्त्र घोषणा भएको आजबाट १२ वर्ष पूरा भएर १३ वर्षमा प्रवेश गरेको छ। २०६२/६३ सालको जनआन्दोलनको जगमा गठन भएको संविधानसभाको पहिलो बैठकले २०६५ साल जेठ १५ गते नेपाललाई विधिवतरुपमा गणतान्त्रिक मुलुक घोषणा गरेको आज १२ वर्ष पूरा भएको छ।

तर, गणतन्त्र स्थापना हुँदा जनतामा जुन उत्साह र आशा थियो, त्यो अहिले निराशामा परिणत हुँदै गएको छ। पहिलो संविधानसभा संविधान बनाउन असफल भएर दोस्रो संविधानसभाको चुनाव गर्ने अवस्था आएदेखि नै जनतामा निराशा बढेको थियो।

त्यसमाथि मुलुकमा आर्थिक विकास र सामाजिक न्यायका लागि जति काम हुनुपर्ने थियो, त्यसमा राजनीतिक दलहरु पुरै चुक्दा सर्वसाधारणमा निराशा बढेको हो।

२०७२ सालमा संघीय गणतान्त्रिक संविधान बनेर देशमा निर्वाचन सम्पन्न भएपछि तीनै तहका सरकार बनेका छन्। तर, मधेसी दलदेखि चन्दसम्ममात्रै होइन, गणतन्त्रले दशक पार गरी अघि बढ्दै गर्दा विभिन्न समूहहरुले पनि असन्तुष्टि जनाउने क्रम बढ्दो छ।

हरेक वर्ष विभिन्न कार्यक्रम गरी मनाइँदै आएको गणतन्त्र यस वर्ष भने विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण प्रभावित भएको छ।

यसैबीच दिवसका अवसरमा तीन दिनसम्म दीपावली गर्न सरकारले सबैमा अपिल गरेको छ। जेठ १४, १५ र १६ गते साँझ दीपावली गर्न गृह मन्त्रालयले सबैमा आग्रह गरेको हो। जेठ १२ गतेको मन्त्रिपरिषदले तीन दिन दीपावली गर्ने निर्णय गरेको थियो।

तीनै तहका सरकारले दीपावली गर्ने निर्णय भएको हो। सरकारले सबै सरकारी तथा गैरसरकारी कार्यालय, आम नागरिक, विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्य दूतावासलाई पनि निर्णयबारे सूचित गरेको छ।

# पत्रकार न्यौपाने पुरस्कारका लागि छनोट



**काठमाडौं/मस–** युवा फोटो पत्रकार निरज न्यौपाने युवा पत्रकारिता पुरस्कार २०७६ का लागि छनोट भएका छन्। न्यौपाने सानेपा ललितपुरस्थित एसडिजी स्टूडियोका संचालक समिति सदस्य पनि हुन्।

संयुक्त राष्ट्र संघले सन् २०१६ बाट लागू हुने गरी दिगो विकास लक्ष्यहरु घोषणा गरेपछि नेपाल सरकारले पनि एजेण्डा २०३० का लागि दिगो विकास लक्ष्यहरुको अवस्था तथा रोडम्याप तयार गरेको छ। नेपाल सरकारको लक्ष्यलाई हासिल गर्नका लागि विभिन्न क्षेत्रमा कार्यरत युवाहरु मिलेर दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गर्ने उद्देश्यले एसडिजी स्टुडियोको स्थापना गरी विभिन्न संघ-संस्थाहरुसँगको साझेदारी, समन्वय र सहकार्यमा सो कार्यलाई अगाडि बढाइरहेको उक्त स्चूडियोले एक प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

यसै सन्दर्भमा उक्त कम्पनीका संचालक समितिका सदस्य न्यौपाने नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले प्रदान गर्ने युवा पत्रकारिता पुरस्कार २०७६ का लागि छनौट भएको भन्दै यसले सम्पूर्ण युवाहरुमा थप उर्जा प्राप्त भएको उल्लेख गरेको छ।

# 'रुकुमपश्चिमको हत्याकाण्डलाई राजनीतिकरण नगरियोस्'



**काठमाडौं/मस–** प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदले अन्तरजातीय प्रेम सम्बन्धका क्रममा यही जेठ १० गते रुकुमपश्चिममा भएको हत्याको घटनाका विषयमा आवाज उठाउँदै सर्वदलीय छानविनको माग गरेका छन्। बैठकको शून्य समयमा सांसदले सो घटनालाई राजनीतिकरण नगर्न र मृतकलाई सामाजिक शहीद घोषणा गर्न पनि माग गरे। सांसद मीन विश्वकर्माले स्थानीय प्रशासन र प्रहरीको लापर्वाहीले घटना भएको बताए।

सांसद विमला नेपालीले अन्तरजातीय प्रेम सम्बन्धका क्रममा भएको घटनामा मृत्यु भएकालाई सामाजिक शहीद घोषणा गरी घटनाको संसदीय छानबिन गर्न माग गरे। सांसद मनकुमारी जिसीले रुकुमपश्चिमको घटना पुनः दोहोरिन नदिन आग्रह गरिन् भने सांसद महिन्द्रकुमारी लिम्बूले रुकुमपश्चिमको घटनाको छानबिनका लागि सर्वदलीय समिति गठन गर्न माग गरिन्।

सांसद यशोदा सुवेदी गुरुङले सो घटनालाई राजनीतिकरण नगर्न माग गरिन्। सांसद लक्ष्मी परियारले रुकुमपश्चिममा भएको जातीय विभेद र नरसंहारको घटनामा संविधान र कानूनको किन प्रभावकारी कार्यान्वयन भएन भनी प्रश्न गरिन्।

रुकुमपश्चिमको चौरजहारी नगरपालिका-८ सोती निवासी सुष्मा मल्लसँग नवराज विश्वकर्माको अन्तरजातीय प्रेम सम्बन्ध भएको र विवाहका लागि साथीहरु लिएर केटीका घरमा जाँदै गर्दा स्थानीयवासीले कुटपिट गरी हत्याको घटना भएको थियो। नवराजको शव भेरी नदीमा भेटिएको थियो। नवराजसँगै केटीका घरमा गएका अन्य दुई जनाको शव पनि भेरी नदीमा भेटिएको छ। सोही घटनामा अन्य तीन जना बेपत्ता छन्।

भूमि अतिक्रमणविरुद्ध एकमत

बैठकमा सांसद डा मीनेन्द्र रिजालले संविधान संशोधनका लागि सर्वदलीय बैठक र समझदारी बढ्नु सकारात्मक भए पनि त्यस्ता बैठकमा भएका निर्णय संसद्लाई जानकारी दिने परम्परा शुरु गर्न आग्रह गरे।

सांसद मोहन बानियाँले अतिक्रमित भूमि समेटेर नेपालको नयाँ नक्सा जारी भएकामा खुशी व्यक्त गर्दै वार्ताबाट भूमि फिर्ता ल्याउन आग्रह गरे। सांसद मीना सुब्बाले भारतले अतिक्रमण गरेको भूमि फिर्ता ल्याउन खुट्टा नकमाउन सरकारसँग आग्रह गरे। सांसद रामबहादुर विष्टले भारतीय स्वतन्त्रता सङ्ग्राममा नेपालीले दिएको योगदानलाई बिर्सेर भारतले नेपाली भूभागमा अतिक्रमण गर्नु दुःखको विषय भएको बताए।

सांसद रेखा शर्माले भारतले अतिक्रमण गरेको नेपाली भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरालाई नेपालको नक्सामा समावेश गरेकामा सरकारलाई धन्यवाद दिँदै कूटनीतिक वार्ताबाट भूमि फिर्ता गर्न आग्रह गरिन्। सांसद रेनुका गुरुङले सुगौली सन्धिका आधारमा नेपालको भूभागमा भारतले अतिक्रमण गर्नु दुःखद् भएकाले ग्रेटर नेपाललाई कायम राख्ने गरी पहल गर्न माग गरिन्।

बैठकमा सांसद मातृकाप्रसाद यादवले कोरोना संकटको दीर्घकालीन व्यवस्थापन गर्न आग्रह गरे। सांसद राजेन्द्रप्रसाद गौतमले बन्दाबन्दीको अवधि थपिँदै जाँदा खाने वर्ग बढी प्रभावित भएकाले ती वर्गका लागि विशेष कार्यक्रम ल्याउन माग गरे। सांसद विमला विकले तराईका क्षेत्रमा भारतबाट फर्केकालाई अनिवार्य परीक्षण र बर्दियामा कोरोना परीक्षण प्रयोगशाला स्थापना गर्न माग गरे।

सांसद भरतकुमार शाहले धानको बीउ राख्ने समयमा सहजरुपमा किसानले बीउ प्राप्त नगरेको गुनासो गरे। सांसद भीमसेनदास प्रधानले काठमाडौं बाहिरबाट आउनेलाई उचित जाँच गरी क्वारेन्टिनमा राख्न सुझाव दिए। सांसद भैरवबहादुर सिंहले भारतमा रहेका नेपालीलाई विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसारको उपयुक्त व्यवहार नगरेको बताए। सांसद विमलप्रसाद श्रीवास्तवले भारतमा अलपत्र परेकालाई स्वदेश ल्याउन माग गरे।

बैठकमा भवानीप्रसाद खापुङ, महेश्वरजङ्ग गहतराज, यज्ञबहादुर बोगटी, यज्ञराज सुनुवार, रङ्गमति शाही, नवीन्द्रराज शर्मा, राजबहादुर बुढा क्षेत्री, राजेन्द्रकुमार केसी, रेखा कुमारी, लक्ष्मीकुमारी चौधरीलगायतले जनजीवनका विभिन्न सवालमा सरकारलाई ध्यानाकर्षण गराएका थिए।

## समितिको समय थप

**काठमाडौं/मस–** सुवास चन्द्र नेम्वाङ नेतृत्वको अध्ययन तथा सुझाव संसदीय विशेष समितिको कार्यवधि संघीय संसंदको छैटौ अधिवेशन सम्मका लागि थप गरिएको छ। बुधबार बसेको प्रतिनिधिसभाको बैठकमा सभामुख अग्नि प्रसाद सापकोटाले गरेको कार्यवधि थप सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भएको हो।

नेपाली कांग्रेस र राजपा नेपालले सर्लाहीका कुमार पौडेलको हत्याको विषयमा संसदीय समिति गठन गर्न माग गर्दै निरन्तर संसद अवरोध गरेपछि २०७६ साउन २० गते नेकपाका उपनेता समेत रहेका नेम्वाङको संयोजकत्वमा अध्ययन तथा सुझाव संसदीय विशेष समिति गठन गरिएको थियो।

समितिलाई सार्थक वार्ता तथा संवाद मार्फत संसदलाई प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक अध्ययन गरि सुझाव दिनका लागि ३० दिनको समय दिइएको थियो। झण्डै १० महिना पुग्न लागिसक्ता पनि समितिले आफ्नो प्रतिवेदन तयार पार्न सकेको छैन। बुधबारको बैठकले समितिलाई छैटौ अधिवेशन सम्मको समय थप गरेको हो।

त्यसैगरी बैठकमा कानुन न्याय तथा मानव अधिकार समितिको बार्षिक प्रतिवेदन २०७७ र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक सम्बन्धी शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन २०७६ पेश भएको छ।

त्यसैगरी, रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी विधेयक २०७६ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई पनि बैठकले बहुमतले स्वीकृत गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी विधेयक २०७६ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस् भनि राखेको प्रस्तावमाथिको छलफलमा सहभागी हुँदै सासंदहरु प्रेम सुवाल र दिव्यमणि राजभण्डारीले विधेयक पास गर्ने अवस्थामा मुलुक नरहेको धारणा राखेका थिए।

---

### संक्रमण....

समयमात्रै थप २८ जना डिस्चार्ज भएको मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले जानकारी दिए। डिस्चार्ज हुनेमा सबैन्दा बढी प्रदेश नं २ का ९७ जना छन्। यस्तै प्रदेश नं १ का ३०, वागमती प्रदेशका ११, गण्डकी प्रदेशका दुई, प्रदेश नं ५ का ३८ र सुदूरपश्चिम प्रदेशका पाँच छन्।

पछिल्लो २४ घण्टामा देशको विभिन्न प्रयोगशालामा पिसिआर विधिमार्फत तीन हजार ५८० नमूना परीक्षण गरिएको छ। २४ घन्टामै आरडिटी विधिमार्फट दुई हजार ३२० नमूना परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। सरकारले हालसम्म पिसिआर विधिमार्फत ५८ हजार २७७ र आरडिटी विधिद्वारा एक लाख २८७ जनाको परीक्षण गरेको छ। देशभर बनाइएको क्वारेन्टिनमा हालसम्म ७० हजार ३०५ जना छन्। यस्तै विभिन्न अस्पतालको आइसोलेनसमा ६९९ जनाको उपचार भइरहेको छ। हालसम्म कोरोनाका कारण चार जनाले ज्यान गुमाएका छन्।

### रोकियो...

बजे अगावै उपस्थित भइसक्न सबै आग्रह गरेका छन्।

बैठकमा सभामुख सापकोटाले सार्थक वार्ता र संवादका निम्ति सुझाव र अध्ययनका लागि गत साउन २० मा गठित कार्यदलको अवधि संसद्को चालू अधिवेशनसम्म कायम हुने गरी गर्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको थियो। संयुक्त बैठकपछि बिहीबार साँझ ६ बजे प्रतिनिधिसभाको अर्को बैठक बस्नेछ।

बैठकले राष्ट्रियसभाबाट संशोधनसहित प्राप्त भएको 'रेडियोधर्मी पदार्थको उपयोग नियमनसम्बन्धी विधेयक, २०७६' स्वीकृत गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सो विधेयकको संशोधनमाथि विचार गरियोस् भनी प्रस्तुत गर्नुभएको प्रस्ताव बैठकले बहुमतले स्वीकृत गरेको हो।

यसअघि संशोधनमाथिको छलफलमा उठेका विषयमा जवाफ दिँदै मन्त्री पोखरेलले विकीरणबाट उत्पन्न जोखिम न्यूनीकरण गर्न अति जरुरी भएको र परामाणिक पदार्थको नियमन तथा रेडियोधर्मी पदार्थको सुरक्षा, अनुसन्धान र नियमनका लागि अन्तराष्ट्रिय प्रतिबद्धतालाई समेत ध्यान दिएर विधेयक ल्याइएको बताए।

संशोधनमाथिको छलफलमा भाग लिँदै सांसद प्रेम सुवालले सो विधेयक गम्भीर महत्वको भएकाले विस्तृत छलफलपछि मात्रै पास गर्न आग्रह गरे। सांसद दिव्यमणि राजभण्डारीले कोरोना जोखिममा विश्व परिरहेको सन्दर्भमा हाल यस्ता विधेयक प्राथमिकतामा नपर्ने बताए।

दुई प्रतिवेदन पेश

बैठकमा कानून, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले 'कानून, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन-२०७७' र शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीले 'मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०७६' पेश गरेका थिए।

### खुल्न...

रहेको साउदी सरकारले जनाएको छ।

साउदी अरबको रियादस्थित नेपाली दूतावासले नेपाल सरकारले विविध कारणले अप्ठ्यारो अवस्थामा रहेका नेपालीहरुलाई प्राथमिकताका आधारमा स्वदेश लैजाने सम्बन्धमा आवश्यक आन्तरिक तयारी र लजिस्टिक्स व्यवस्थापनको कार्य गरिरहेको र प्रकृयाले शीघ्र पूर्णता पाउने विश्वास गरेको भन्दै साउदी सरकारले गरेका व्यवस्थाहरुको ध्यानपूर्वक विचार गर्न र स्वास्थ्यमा सावधानी पुऱ्याई आफ्ना गतिविधि गर्न त्यहाँ रहेका नेपालीहरुसँग अनुरोध गरेको छ।

यता कतारले भने छोटो समयका लागि लगेका विदेशी दक्ष कामदार स्वदेश फर्काउन गृहकार्य शुरु गरेको छ। मुख्य रुपमा श्रीलंका र भारतबाट गएका तेल र ग्यास कम्पनीमा कार्यरत मजदुर फर्काउन थालिएको कतार ट्राईबुनले जनाएको छ। कतारले उच्च दक्षता हासिल गरेका विदेशी कामदारलाई दुई देखि तीन महिनाको छोटो अवधिको भिसामा लैजाने गरेको छ। तेलको उत्पादन बन्द भएपछि उनीहरुलाई फिर्ता गर्नुको विकल्प नरहेको बताइएको छ।

### अब....

कामदारहरुको वासस्थान सुधारको पहल शुरु गरेको हो।

मलेसियाको मानव संशाधान मन्त्री दातुक एम साराभानन्ले मलेसियाका सम्पूर्ण रोजगारदाताहरुलाई अनिवार्य आवास सुविधा व्यवस्था गर्न निर्देशन दिइएको जानकारी दिँदै पेनिन्सुलर मलेसिया र लाबुनको संघीय प्रशासकीय क्षेत्रमा आगामी जुन पहिलो तारिकदेखि र अन्य स्थानमा सेप्टेम्बर पहिलो तारिकदेखि आवास र सुविधा सम्बन्धी न्यूनतम मानक ऐन लागु हुने बताएका छन्।

उनले कामदारहरुलाई उपयुक्त वासस्थानको व्यवस्था गर्न तीन महिनाको अवधि दिइएको बताउँदै त्यस अवधिमा रोजगारदाताले आवासको व्यवस्था गरिसक्नुपर्ने बताएका छन्। गत जुलाईमा मलेसियाको संसदबाट पारित भएको उक्त ऐन सेप्टेम्बर १८ मा त्यहाँको राजपत्रमा प्रकाशित भएको थियो। तर सबै क्षेत्रमा कार्यान्वयनमा आइसकेको थिएन।

मानव संशाधन मन्त्री साराभानन्ले सबै क्षेत्रका आप्रवासी कामदारहरुलाई आवासको उचित प्रवन्ध गर्नुपर्ने भन्ने मलेसियन मेडिकल एसोसिएसनको स्ट्याण्डर्ड अपरेशन प्रोसिड्युर पनि अवलम्वन गरिने बताएका छन्।

उनले आवास र सुविधा सम्वन्धी न्यूनतम मानक सम्वन्धी ऐन लागू हुँदा कोरोना भाइरसको संक्रमण रोक्न सहयोग पुग्नुका साथै अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओली दिएको मार्गनिर्देशनको कार्यान्वयन हुने उल्लेख गरेका छन्। मलेसियामा २३ लाख विदेशी कामदार रहेका छन्।

वैधानिक रुपमा काम गरिरहेका ५ लाख र अवैध रुपमा करिब २५ हजार गरी त्यहाँ सवा ५ लाख नेपाली रहेका छन्। बुधबारसम्म मलेसियामा ६६ नेपालीलाई कोरोना संक्रमित देखिएका छन्। त्यसमध्ये १३ जना निको भइसकेको नेपाली दूतावासले जनाएको छ।

कोरोना संक्रमित विदेशी कामदारलाई मलेसियाले आफ्नै नागरिक सरह निःशुल्क उपचार गरिरहेको कारण उपचारमा कुनै समस्या नरहेको नेपाली दूतावासले जनाएको छ। मलेसियामा एक जना संक्रमितको उपचार खर्च न्यूनतम ९ सय रिंगिट रहेको स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्।

### सीलले...

गृह मन्त्रालयले बन्दाबन्दी (लकडाउन) प्रभावकारी भए पनि विभिन्न बहाना बनाएर आवागमन हुने गरेकाले पूर्णरुपमा पालना हुन नसकेको निष्कर्ष निकाल्दै एक हप्ता अघि आवागमनमा अझै कडाइ गर्ने निर्णय गरेको थियो। समन्वयात्मक रुपमा काम गर्न भनिए पनि उपत्यकाको स्थानीय तह, प्रहरी र प्रशासनको समन्वयमा पनि कमि देखिएको छ।

पछिल्लो समयमा उपत्यका भित्रिने मानिसको अभिलेख राख्न थालिएको छ। गृहमन्त्रालयले स्थानीय तहको नेतृत्वमा प्रशासनको समन्वयमा लुकीछिपी प्रवेश गर्नेको खोजी गरी लगत सङ्कलन गर्ने निर्णय यसअघि गरेको थियो।

स्थानीय तहसँगको समन्वयमा सबै सुरक्षा निकायले उपत्यका प्रवेश नाकाको जाँच र निगरानीमा थप कडाइ गर्ने भनिएको थियो तर नाकामा टिपोट गरेर अभिलेख राखिएको भए पनि ती मानिस कहाँ, किन र कसरी जान्छन् यकिन गर्न सकिएको छैन। आएका मानिस कुन स्थानीय तहमा गएर बसे भन्ने कुराको जानकारी नआएसम्म जोखिम कायम नै हुने मध्यपुरथिमी नगरपालिकाका प्रमुखसमेत रहनुभएका उपत्यका नगरपालिका फोरमका सचिव श्रेष्ठ बताए।

उपत्यकामा मानिसको प्रवेश हुँदा जनघनत्व बढ्छ। त्यसबाट रोगको सङ्क्रमण फैलियो भने नियन्त्रणमा समस्या पैदा हुन्छ। स्वास्थ्यकर्मी भारतीय सीमावर्ती क्षेत्रमा उपचारमा खटिएका बेला उपत्यकामा जोखिम बढ्यो भने त्यसले ठूलो असर गर्नेतर्फ बेलैमा ध्यान दिनुपर्ने फोरमका उपाध्यक्ष तथा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन बताउँछन्। पछिल्लो समयमा सरकारले कुनै पनि जिल्लामा मानिस आएमा स्रोत स्थानमै रोक्ने गरी सुरक्षाकर्मीलाई आवश्यक निर्देशन दिएको थियो

# एन्फा अध्यक्ष शेर्पा विवादमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ




नेपाली फुटबलको सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पा अभिव्यक्तिका कारण विवादमा मुछिएका छन् । एक अनलाईनलाई दिएको भिडियो अन्तरवार्ताका कारण अध्यक्ष शेर्पा विवादमा तानिएका हुन् ।

गत साता एन्फा अध्यक्ष शेर्पाले वेभ अन्तवार्ताका क्रममा तराईमा राष्ट्रियताको कमी रहेको भनाई विवादमा परेको हो । नेपाली सेना सँगको सहकार्यमा तराईका ४ जिल्ला सप्तरी, सिराहा, धनुषा र महोत्तरीमा ग्रासरुटको कार्यक्रम सुरु गरेको बताउँने क्रममा शेर्पाको राष्ट्रियताको प्रसंग उठाएका थिए ।

उक्त अन्तर्वार्तामा शेर्पाले आर्मीसँगको सहकार्यमा ग्रासरुट सुरु गर्नुको दुई वटा कारण रहेको बताएका छन् । 'एउटा तराईको बच्चाहरुलाई फुटबल प्रति आकर्षण गर्नका को लागि । अर्को राष्ट्रियता सिकाउनको लागि हामीले गर्यौं,' उनले भनेका छन्,' तराई तिर जाँदा राष्ट्रियताको फिलिङ अलि कम पाइन्छ । त्यसले गर्दा आर्मीको ब्यारकेमा प्रशिक्षण लिन आउँदा त्यहाँ राष्ट्रिय गित पनि सिक्ने नेपालको विषयमा चर्चा हुने भएकाले फुटबलको माध्यमबाट खेलाडी उत्पादन गर्ने हिसाबले हामीले काम गरेका छौं ।'

सोही भनाईलाई लिएर बुधबार बसेको प्रतिनिधिसभाको बैठकमा मधेसवादी दलका एक जना सांसद्ले एन्फा अध्यक्ष शेर्पार्लार्ह कारबाही गर्न माग गरेका थिए । सांसद विमलप्रसाद श्रीवास्तवले एन्फा अध्यक्ष शेर्पाले नेपाली समाजमा विभेदको विजारोपण गरेको आरोप लगाए । सांसद् श्रीवास्तबले भने 'एन्फाका अध्यक्ष कर्मा छिरिङ शेर्पाले नेपाली समाजमा विभेदको विजारोपण गरेको बुझिएको छ ।'

'उहाँले मधेसीहरुलाई सेनाको माध्यम लगाएर राष्ट्रिय गान सिकाउँदैछु भन्ने जस्ता अभिव्यक्ति दिनुभएको हुनाले त्यस्ता अभिव्यक्ति दिने ति जिम्मेवार व्यक्तिलाई छानविन गरि आवश्यक कारवाही गर्न सभामुखमार्फत माग गर्दछु ।' सांसद श्रीवास्तवको भनाई थियो ।

यता, एन्फा अध्यक्ष शेर्पाले भने आफूले त्यसरी नभनेको प्रष्टिकरण दिएका छन् । विषयलाई तोडमोड गरेर अतिरञ्जित गरिएको प्रतिक्रिया दिएका छन् । 'भनाई तोडमोड गरेर षडयन्त्रको गरिएको छ । यसको भण्डाफोर हुनेछ ।' उनले भने । उनले घटनाको कानुनी रुपमा जवाफ दिईने बताए ।

अध्यक्ष शेर्पाले आफ्नो पुरै भिडियो हेरेर मात्र प्रतिक्रिया दिन आग्रह पनि गरेका छन् । 'पुरै भिडियो हेर्दा हुन्छ । काटछाट गरेर गलत गरिकाले प्रचार गर्न खोजिएको छ ।' अध्यक्ष शेर्पाको भनाई छ । आफूले मधेशको राष्ट्रियताको सवालमा कहिल्यै प्रश्न नगरेको भन्दै राष्ट्रियताको भावना बलियो बनाउन निरन्तर लागिरहेको उल्लेख गरे ।

'मधेशमै फुटबलको केन्द्र बनाउने उद्धेश्यले काम गरिरहेका छौ । महिला एकेडेमी बनाएका छौ । विभिन्न फुटबल परियोजना सञ्चालन गर्दैछौ ।' उनले भने, 'फुटबलको माध्यमबाट राष्ट्रियताको भावना बलियो बनाउने काम लागिरहेका छौ र लागिरहने छौ ।'

## नेपालमा तरंग

# पाकिस्तानी खेलाडी डोपिङमा फेल




**काठमाडौं, मस–** गत मंसिरमा नेपालमा आयोजना भएको १३ औं दक्षिण एशियाली खेलकुद सागका तीन जना पाकिस्तानी खेलाडी डोपिङमा असफल भएका छन् । तीन जना खेलाडीको पदक खोसिने भएपछि नेपालमा पनि यसको तरंग उत्पन्न भएको छ ।

पाकिस्तानका स्वर्ण पदक विजेतासहित एथलेटिक्सका तीन जना खेलाडीले अवैधानिक शक्तिबर्द्धक पद्धार्थ प्रयोग भएको त्यहाँको एथलेटिक्स संघले जनाएको छ । जसका कारण नेपाली खेलाडी पनि त्यसमा कतै छन् की भनेर खेलकुद निकायले चाँसो दिएका थिए । तर त्यसमा नेपाल अहिलेका लागि ढुक्क भएको छ ।

पाकिस्तान एथलेटिक्स संघले चार सय मिटर हर्डल्सका स्वर्ण पदक विजेता मेहबुब अलि र एक सय १० मिटर हर्डल्सका एम इनामले सहित एक सय मिटर दौडका कास्य पदक विजेता समिउल्लाहको डोपिङ पोजिटिभ देखिएको पाकिस्तानी श्रोतले जनाएको छ ।

उनीहरुको प्रारम्भिक परीक्षण पोजिटिभ देखिएको छ । यदी दोस्रो चरणको परीक्षणमा पनि डोपिङ गरेको प्रमाणित भएमा पाकिस्तानले ६ वटा पदक गुमाउनेछ । रिले दौडमा पनि यी तीन खेलाडीले सहभागिता जनाएका थिए । एथलेटिक्समा पाकिस्तानले पाँच स्वर्ण, दुई रजत र ६ कास्य गरी कुल १३ पदक जितेको थियो । पाकिस्तान एथलेटिक्स संघका श्रोतका अनुशार आयोजक कमिटीबाट यो पुष्टि भइसकेको जानकारी आएको बताएका छन् । उनीहरुले अपिल गरेर दोस्रो पटक परीक्षण गर्ने मौका पाउनेछन् । यसको आधिकारिक घोषणा भने एन्टि डोपिङ सम्बन्धि अन्तर्राष्ट्रिय निकाय वाडाले गर्नेछ ।

सबै पदक जित्ने खेलाडीको पहिलोसँगै दोस्रो स्याम्पलपनि लिएको हुन्छ । तर त्यो स्याम्पलको प्रयोग निकै कममात्र हुने गर्छ, प्रतियोगिताका बेला लिइएको सो स्याम्पल आयोजकसम्म पुगिसकेको छ । त्यसैले वाडाले त्यसको रिपोर्ट हेरेर मात्र अन्तिम निर्णय गर्ने भएको छ ।

यसमा नेपाली खेलाडी भने नपरेको राष्ट्रिय खेलकुद परिषदले बताएको छ । परिषद्का सदस्यसचिव रमेश सिलवालले पहिलो चरणको रिपोर्टमा नेपाली खेलाडीको नाम नभएको बताए । त्यस कारण नेपाली खेलाडीमा चिन्ता लिनुपर्ने अवस्था नभएका सदस्यसचिवको भनाई छ ।

अन्तराष्ट्रिय प्रतियोगितामा प्रतिबन्धित औषधीको प्रयोग गर्ने खेलाडीलाई प्रतिबन्ध लगाउने चलन रहेको छ । यसका साथै उनीहरुको पदकपनि खोसिने नियम छ । पाकिस्तान एथलेटिक्स संघका अध्यक्ष अक्रम साहीले डोपिङमा संलग्न तीनै जनालाई प्रतिबन्ध लगाइने जानकारी दिए ।

# कोरोनाभाइरसबाट अमेरिकामा एकलाख बढीको मृत्यु



**सोमनाथ लामिछाने/रासस**
काठमाडौं, १४ जेठ

चीनको उहानबाट शुरु भएको ठानिएको प्राणघातक कोरोनाभाइरसको महामारीबाट संयुक्तराज्य अमेरिकामा एक लाख मानिसको मृत्यु भएको छ ।

वर्ल्डओमिटर्सका अनुसार नेपाली समयानुसार बुधबार बिहान यो संख्या पुगेको हो । विश्वभर यतिठूलो संख्यामा कोरोना संक्रमितको मृत्यु भएको अमेरिका पहिलो देश हो ।

संयुक्तराज्य अमेरिकामा कोरोना संक्रमण गत फेब्रुअरी १५ मा पहिलो पटक देखिएको थियो । अमेरिकामा त्यस दिन १५ जनामा मात्र कोरोना पुष्टि भएको थियो ।

गत वर्ष सन् २०१९ डिसेम्बरको अन्त्यतिर चीनको उहानमा पहिलोपटक देखिएको कोरोनाभाइरसले फेब्रुअरीसम्ममा धेरै व्यक्तिको ज्यान लिइसकेको थियो भने जनवरी २२ मा १७ जनाको मृत्यु भएसँगै उहानमा लकडाउन जारी थियो । अमेरिकामा भने कोरोनाभाइरसबाट फेब्रुअरी २९ मा मात्र पहिलो व्यक्तिको मृत्यु भएको थियो । मार्च र अप्रिल महिनामा अमेरिकामा मृत्युदर अत्यन्त बढी थियो । अप्रिल १५ मा एकै दिन २६ सयको ज्यान गएको थियो । लकडाउन, सामाजिक दूरी र अन्य कडा नियमको कार्यान्वयनका कारण यद्यपी मे १२ देखि मृत्युदरमा सामान्य कमी आएको छ, र यो दैनिक एक हजारभन्दा मुनि छ । विरोधाभाष त के भने, अमेरिकामा पहिलो व्यक्तिको मृत्यु भइरहँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस "चिनियाँ भाइरस"ले अमेरिकीलाई खासै असर नगर्ने बताइरहनु भएको थियो । अझ उहानलाई लकडाउनमा राखेर त्यहाँका जनताको मानव अधिकार हनन भएको उनको आरोप थियो ।

तर अमेरिकामा हटस्पटका रूपमा न्यूयोर्क राज्य देखियो । यहाँ एकै राज्यमा झण्डै ३० हजारको अकालमा ज्यान गइसकेको छ । शव व्यवस्थापन नै चुनौती बनेको यस राज्यको सम्पूर्ण स्वास्थ्य प्रणाली छिन्नभिन्न भएको थियो । खासगरी, बुढाबुढी, कमजोर स्वास्थ्य रहेका, श्वासप्रश्वास समस्या भएका, मधुमेह, उच्च तनाब, मुटुरोग, मृगौला रोगी, क्यान्सर जस्ता दिर्घरोगी व्यक्तिहरू सबैभन्दा बढी पीडित भएका छन् । यही मे १३ सम्म न्यूयोर्कका १५ हजार २३० जनाका सम्बन्धमा न्यूयोर्क सिटी हेल्थले गरेको सर्वेक्षणमा पहिल्यैदेखि स्वास्थ्य समस्या रहेका ७५ वर्षभन्दा माथिका व्यक्तिमध्ये ५ हजार २३६ जना, ६५ देखि ७४ वर्ष उमेरका २ हजार ८०१ जना तथा ४५ देखि ६४ वर्ष उमेरका २ हजार ८५१ जनाको मृत्यु भएको उल्लेख छ ।

अमेरिकी जनजीवनलाई नराम्रोसँग गाँजेको अमेरिकामा १७ लाखभन्दा बढी व्यक्ति कोरोना संक्रमित छन् । स्वास्थ्य परीक्षणको दायरा फराकिलो बनाएकाले अझै पनि दिनहुँ ठूलो संख्यामा संक्रमित भेटिएका छन् । तर स्वास्थ्य ठूलो कि अर्थतन्त्र ? यी दुई बहसमा अल्झिएका राष्ट्रपति ट्रम्पमाथि मानिसको स्वास्थ्यलाई महत्व नदिएको र अर्थतन्त्रप्रति मात्र ध्यान दिइरहेको आलोचना खेप्न बाध्य हुनु भएको छ । उनी औलोको औषधि हाइड्रोक्लोरोक्वीनको सेवन गरेमा कोरोना ठीक हुन्छ भन्ने विवादास्पद भनाईमा अडिग हुनुहुन्छ, जबकी विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र वैज्ञानिकहरूले यही औषधिको जथाभावी सेवनका कारण पनि धेरै अमेरिकीको ज्यान गएको बताइरहेका छन् । डब्लुएचओले त यो औषधिलाई कोरोना रोगका सन्दर्भमा अनुसन्धान परीक्षण गर्न समेत प्रतिबन्ध लगाएको घोषणा गरेको छ ।

मास्क समेत लगाउन हिच्किचाउने हठी स्वभावका राष्ट्रपति ट्रम्पको ध्यान विश्वकै पहिलो अमेरिकी अर्थतन्त्रलाई कहिले खुला गर्ने भन्नेमै छ । उनी दिनहुँ भन्छन् - अमेरिका बन्द गर्नका लागि होइन, यो खुला छ खुला हुनु पर्छ । एसोसिएटेड प्रेसका अनुसार राष्ट्रपति ट्रम्पले आफूले राम्रोसँग नेतृत्व गरेकै कारण मृत्युसंख्यामा कमी आएको बताए । तर कुनै पनि महामारी वा युद्धका कारण यतिठूलो संख्याका अमेरिकीको मृत्यु भएको पहिलो पटक हो ।

ट्रम्पको भनाइप्रति असहमति जनाउने अमेरिकी राज्यका गभर्नरहरूले लकडाउनका नियम एकाएक हटाउन नहुनेमा जोड दिइरहेका छन् । उनीहरूको भनाईमा अमेरिकालाई विस्तारै, क्रमिक रूपमा खोल्नु पर्छ । खासमा अमेरिकामा २५ लाखभन्दा बढी मानिस बेरोजगार भइसकेकाले पनि राष्ट्रपति ट्रम्पमाथि दबाब छ । यही गाँठोमा अहिले अमेरिकी समाज छ ।

# आईसीसीको बैठक आज

**काठमाडौं, एजेन्सी–** अष्ट्रेलियामा हुने भनिएको टी २० क्रिकेट प्रतियोगिता सन् २०२२ मा सार्ने संभावना बढेको छ । अक्टोबर ११ देखि नोभेम्बर पाँच तारिखमा हुने भनिएको प्रतियोगिता सर्ने संभावना रहेको आइसीसीका एक पदाधिकारीले बताएका छन् ।

विश्वकप हुने नहुने लगायतका अरु एजेन्डाका लागि आइसीसीको बोर्ड बैठक विहीबार बस्दैछ । जसमा टी २० विश्वकपको बारेमा निर्णय हुनेछ । आइसीसी शिर्ष पदाधिकारीले अन्तराष्ट्रिय समाचार एजेन्सीसँगको कुराकानीमा यो बर्ष हुने भनिएको टी २० विश्वकप सर्ने प्रबल संभावना रहेको बताए ।

अहिलेको भयाबह अवस्थामा आइसीसी र अष्ट्रेलिया नै विश्वकप आयोजनाका लागि इच्छुक नभएको बताए ।

पछिल्लो पटक अष्ट्रेलियामा कोरोनाको संक्रमण कम हुँदै गएको भएपनि अरु देशमा अझै कम नभएकाले १५ देशका टिमलाई समावेश गरेर प्रतियोगिता गर्न कठिन रहेको बताइएको छ । यस्तैमा आइसीसीको बैठकमा टी २० विश्वकप २०२२ को सुरुवातमा गर्न सकिने विकल्प पनि राखिने भएको छ । पछिल्लो पटक टी २० विश्वकप स्थगित भएमा त्यो समयमा आइपीएल गर्ने योजनामा बीसीसीआई रहेको छ । तर यो सबैको निर्णय विहिबार हुनेछ । बोर्ड बैठक भिडियो कन्फ्रेन्सबाट हुनेछ ।

# भारतमा कोरोनाभाइरसबाट संक्रमितहरू डेढ लाख नाघे

**नयाँदिल्ली, एजेन्सी–** भारतमा पछिल्लो चौबीस घण्टामा कोरोनाभाइरसबाट नयाँ संक्रमित भएका व्यक्तिको संख्या छ हजार ३८७ रहेको छ । भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयलका अनुसार भारतमा कूल संक्रमितको संख्या एक लाख ५१ हजार ७६७ पुगेको छ ।

कोरोना संक्रमणबाट विगत चौबीस घण्टामा १७० जनाको मृत्यु भएको छ । यो सहित भारतमा कूल मृत्यु भएका व्यक्तिको संख्या चार हजार ३३७ भएको मन्त्रालयले जनाएको छ । उपचारको क्रममा रहेकामध्ये ६४ हजार ४२५ जना विभिन्न अस्पतालबाट डिस्चार्ज भएका छन् ।

भारतीय राज्य महाराष्ट्रमा कोविड-१९ बाट सर्वाधिक मानिस प्रभावित भएका छन् । यहाँ हालसम्म ५४ हजार ७५८ जना संक्रमित भेटिएका छन् । तमिलनाडुमा १७ हजार ७२८ तथा गुजरातमा १४ हजार ८२१ जना तथा भारतीय राजधानी नयाँदिल्ली प्रदेशमा १४ हजार ४६५ जना संक्रमित देखिएका छन् ।

# जन्मदिनमा पीडितलाई अशोकको सहयोग



**काठमाडौं, मस–** नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष एवं तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्काले आफ्नो जन्म दिनमा मृगौला रोगी राजन श्रेष्ठलाई बुधबार आर्थिक र खाद्यान्न सहयोग गरेका छन् ।

कागेश्वरी मनोहरा नगरपालिका वडा ४ सिम्खडा गाउँका श्रेष्ठलाई १८ हजार नगद र खाद्यान्न सहयोग गरेका हुन् । सो अवसरमा कागेश्वरी मनोहरा नगरपालिकाका मेयर कृष्णहरि थापाको पनि उपस्थिति रहेको थियो । कम्जोर आर्थिक अवस्थाका कारण श्रेष्ठले आफ्ना तीन सन्तानलाई विद्यालय समेत पठाउन सकिरहेका छैनन् । उनीहरुको पठनपाठनको निरन्तरताका लागि पहल गर्ने मेयर थापाले प्रतिबद्धता जनाएका छन् ।

बुधबारै अशोकले विभिन्न ४ प्रहरी प्रभागमा मास्क पनि वितरण गरे । कोरोना भाइरस (कोभिड-१९) रोकथाम र नियन्त्रणका लागि 'फ्रन्टलाइन' मा खटिएका सुन्दरीजल, माकलवारी, साँखु र काँडाघारी महानगरीय प्रहरी प्रभागमा कार्यरत सुरक्षाकर्मीहरुलाई एन ९५ मास्क र सर्जिकल मास्क वितरण गरिएको हो ।

चार प्रहरी प्रभागमा जम्मा ८४ थान एन ९५ मास्क र १ सय ४४ थान सर्जिकल मास्क वितरण गरिएको अशोकले जानकारी दिए ।

**Banphikot Rural Municipality**
**Office of the Rural Municipal Executive**

**Invitation for Sealed Quatations**

**Date of Publication 2077/2/15**

1. The **Banphikot Rural Municipality Rukum West** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of **Procurement Of Supply and delivery of Sanitary pad and Supply, delivery and Installation of Solar Energy System under sealed quatations.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Banphikot Rural Municipality, Banphikot 4 Rukum West, 9822489928, icto.banphikotruralmun@gmail.com.**
3. A complete set of Bidding Documents may be purchased from the office Banphikot Rural Municipality, Banphikot 4 Rukum West and the office Banphikot Rural Municipality, Banphikot 4 Rukum West by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 1000.00** till 2077/2/29 during office hours.
**Name of the Bank: Sanchit Kosh khata, Laxmi Bank, Banphikot Branch.**
**Name of Office: Banphikot Rural Municipality Rukum west**
**Office Code no. 015 Office Account no.:09403000073**
4. Sealed bids must be submitted to the office Banphikot Rural Municipality, Banphikot 4 Rukum West by on or before 12:00 [Noon] on 2020 June 12. Bids received after this deadline will be rejected.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
6. **Particulars of the good and respective bid security required is:**

| IFSQ NO | Name Of item | BId Document Amount NRS. | Required Bid Security in NRs. | Estimated Cost in NRs. (Including VAT) | Remarks |
|---|---|---|---|---|---|
| SQ/BRM/GOODS/03-076/077 | Supply and delivery of Sanitary Pad | 1000.00 | 43000.00 | 1723000.00 | |
| SQ/BRM/GOODS/4-076/077 | Procurement Of Supply, delivery and Installation of Solar Energy System | 1,000.00 | 41,250.00 | 16,50,000.00 | |

"तपाईको स्वास्थ्य, हाम्रो अठोट"
**नेपाल सरकार**
**स्वास्थ्य बीमा बोर्ड**
**टेकु, काठमाण्डौ**

**स्वास्थ्य बीमा सम्बन्धी जानकारी**

**स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच पुर्याउने उदेश्यले ल्याईएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । यसले हाल स्वास्थ्य उपचारमा अनियन्त्रित रुपमा भइरहेको व्यक्तिगत तथा परिवारिक खर्चलाई घटाउने लक्ष्य लिइएको छ । यो कार्यक्रम योगदान र सामाजिक साझेदारीमा अधारित छ । यस कार्यक्रममा परिवारलाई इकाईको रुपमा लिइएको छ । यो कार्यक्रम आ. व. २०७२/०७३ मा कैलाली जिल्लाबाट सुरु भई चरणवद्ध रुपमा देश भर विस्तार हुँदैछ । साथै आगामी आ.व. २०७७/०७८ भित्र देशका ७७ वटै जिल्लामा पुर्याउने लक्ष्य रहेको छ ।**

**स्वास्थ्य बीमामा आबद्ध हुने तरिका**
- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ ।
- बिमीत हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरुको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रुपमा देखाई परिवारका सबै सदस्यहरुको आवश्यक फाराम भरि दर्ता सहयोगीले मोबाइलबाट फोटो खिचेर मात्र आबद्ध हुन सकिन्छ ।

**बीमामा आबद्ध हुन लाग्ने योगदान रकम**
- ५ जनासम्मको परिवारलाई वर्षिक रु. ३५००/-
- ५ जना भन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रु. ७००/-
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति गरिब, अति अशक्त, अपाङ्गता भएका व्यक्ति एवं कुष्ठरोगी, एम.डि.आर. टि.वि. र एच.आइ.भि. संक्रमित बिरामी भएका घर परिवारलाई योगदान रकममा पूर्ण छुटको व्यवस्था छ ।

**बिमीत परिवारले पाउने सुविधाको थैली**
- ५ जनासम्मको परिवारको वार्षिक रु. १,००,०००/- सम्मको स्वास्थ्य उपचार पाइन्छ ।
- ५ जनाभन्दा बढी प्रति थप सदस्य बापत सुविधाको थैलीमा रु.२०,०००/- वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००/- सम्मको उपचार सुविधा पाइन्छ ।
- जेष्ठ नागरिकले वार्षिक रु.१,००,०००/- सम्मको स्वास्थ्य उपचार सेवा पाउनेछन् ।
- स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्दछ ।

**स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरू**
- वहिरंङ्ग, अन्तरंङ्ग, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकेका उपचार सेवाहरु ।

**स्वास्थ्य बीमा लागु भई सकेका जिल्लाहरू**
प्रदेश नं. १ : ईलाम, झापा, सुनसरी, सोलुखुम्बु, भोजपुर, खोटाङ्ग, संखुवासभा, मोरङ्ग, ओखलढुंगा र तेह्रथुम
प्रदेश नं. २ : महोत्तरी, पर्सा, रौतहट, धनुषा र सिराहा
प्रदेश नं. ३ : भक्तपुर, मकवानपुर, चितवन, रामेछाप, सिन्धुली,काभ्रेपलाञ्चोक र धादिङ्ग
गण्डकी प्रदेश : बाग्लुङ्ग, कास्की, म्याग्दी, तनँहु, गोरखा, स्याङ्गजा र पर्वत
प्रदेश नं. ५ : पाल्पा, बर्दिया, रोल्पा, रुकुम पूर्व, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, बाँके र गुल्मी
कर्णाली प्रदेश : जाजरकोट, सुर्खेत, रुकुम पश्चिम, जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु र दैलेख
सुदुपश्चिम प्रदेश : कैलाली, अछाम, बैतडी, बाजुरा, बझाङ्ग, दार्चुला, कञ्चनपुर, डोटी र डडेलधुरा

**तत्काल लागु हुने जिल्लाहरू**
धनकुटा, सप्तरी, रुपन्देही र नुवाकोट

**थप जानकारीको लागि**
**www.hib.gov.np मा लग इन अथवा कार्यालय समयभित्र**
**हट लाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस ।**
**"सबैले समयमै स्वास्थ्य बीमा गरौं, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं"**

# अधिकांश उद्योगीले चैत महिनाको पारिश्रमिक दिएनन्

**अशोक घिमिरे/रासस**
काठमाडौं, १४ जेठ



कोभिड-१९ सङ्क्रमणको जोखिम कम गर्न सरकारले लकडाउनको घोषणा गरेको अवस्थामा गत चैत महिनाको पूरा पारिश्रमिक उपलब्ध गराउने प्रतिबद्धता गरेका अधिकांश उद्योगी व्यवसायी आफ्नै प्रतिबद्धताबाट पछि हटेका छन् ।

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) ले कोभिड-१९ का कारण श्रमिकमा परेको समस्याको सम्बन्धमा गरेको द्रुत सर्वेक्षणले ‘लकडाउन’ शुरु भएपछि ठूलो सङ्ख्यामा श्रमिकले पारिश्रमिक नपाएको देखिएको छ । गत चैत महिनामा ४२ दशमलव १ प्रतिशत प्रतिष्ठानले श्रमिकलाई पारिश्रमिक उपलब्ध नगराएको सर्वेक्षणमा उल्लेख छ । यसैगरी चैतमा पारिश्रमिक दिएका प्रतिष्ठानमध्ये आधाले समेत गत वैशाखमा पारिश्रमिक नदिएको देखिएको छ ।

सो द्रुत सर्वेक्षणमा विराटनगरदेखि कैलालीसम्मका उद्योग, होटल, निर्माण कम्पनी, निजी विद्यालय, टेक्सटाइल तथा गार्मेन्टदेखि स्वास्थ्य संस्थासम्म गरी मुलुकका ३२३ प्रतिष्ठानलाई समेटिएको थियो । सर्वेक्षण अनुसार चैत महिनामा ३१ दशमलव ५७ प्रतिशत प्रतिष्ठानले मात्र श्रमिकलाई पूरा पारिश्रमिक दिएको देखिएको छ । ७ दशमलव ४३ प्रतिशतले आंशिक भुक्तानी गरेका छन् भने १८ दशमलव ८८ प्रतिशतले पेश्कीका रूपमा पारिश्रमिक उपलब्ध गराएको देखिएको हो । यसरी दिइएको पेश्की रकम पारिश्रमिकभन्दा कमसमेत हुने गरेको छ ।

यसरी पारिश्रमिक नदिइएका प्रतिष्ठानमध्ये धेरैजसोमा युनियनसँगको छलफलपछि दिने, बजेटपश्चात् मात्र विचार गर्ने, कुनैले आधा मात्र पारिश्रमिक दिने वा पारिश्रमिक घटाएर मात्र भुक्तान गर्ने जनाएको सर्वेक्षणमा सहभागीले जानकारी दिएका छन् । केही प्रतिष्ठानले भने उद्योग कहिले सञ्चालन हुन्छ, त्यसपछि मात्र दिन सकिने वा नसकिने वा कसरी दिने भन्ने टुङ्गोमा पुग्ने बताएको छ ।

बहुसङ्ख्यक सामाजिक सुरक्षा कोषमा सूचीकृत छैनन्

सर्वेक्षणमा संलग्न उद्योग, प्रतिष्ठानमध्ये बहुसङ्ख्यक प्रतिष्ठान सामाजिक सुरक्षा कोषमा सूचीकरण नभएको देखिएको छ । प्रतिष्ठानको नाममात्र सूचीकरण गर्नेहरू ४९ दशमलव २२ प्रतिशत रहेका छन् । तीमध्ये २१ दशमलव ३६ प्रतिशतले श्रमिकलाई समेत सामाजिक सुरक्षा कोषमा सूचीकरण गराएको देखिएको छ । रोजगारदाताको सूचीकरण, श्रमिकको सूचीकरण गरी कोषमा योगदान शुरु गर्ने प्रतिष्ठानको सङ्ख्या १० दशमलव ५२ प्रतिशत मात्र रहेको जनाइएको छ ।

सञ्चालनमा थोरै उद्योग प्रतिष्ठान

अध्ययनअनुसार औषधि, खाद्य तथा पेयसम्बन्धी उद्योग, केही निर्माण कम्पनीसहितका स्वास्थ्य संस्थासमेत गरी १७ दशमलव ६४ प्रतिशत प्रतिष्ठान मात्र यसबीचमा पूर्णरूपमा सञ्चालनमा रहेको देखिएको छ । १३ दशमलव ६३ प्रतिशत प्रतिष्ठान आंशिकरूपमा सञ्चालित छन् भने ६८ दशमलव ७३ प्रतिशत औद्योगिक तथा सेवामूलक प्रतिष्ठान बन्द रहेको देखिएको छ ।

जिफन्टले कुनै पनि प्रतिष्ठानलाई नेपाल सरकारले कर छुट, जरिवाना मिनाहा वा ब्याज अनुदान वा कुनै सुविधा दिने निर्णय गर्दा श्रमिकलाई पारिश्रमिक दिएको र सामाजिक सुरक्षा कोषमा योगदान गरेको हुनुपर्ने व्यवस्था मिलाउन आग्रह गरेको छ । श्रमिकलाई पारिश्रमिक दिन अनिवार्य गर्ने अन्य कानूनी प्रबन्ध पनि गर्न जिफन्टले आग्रह गरेको छ ।

कार्यस्थलमा कोरोना सङ्क्रमण हुने अवस्था नआउने गरी सामाजिक दूरी कायम गरी औद्योगिक प्रतिष्ठान सञ्चालन गर्ने वातावरण सिर्जना गर्न जिफन्टले सरकारलाई सुझाव दिएको छ ।

# शिक्षामा बजेट १० प्रतिशतले बढाउन सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ जेठ

हाल शिक्षा क्षेत्रमा कूल बजेटको १० प्रतिशत बजेट रहेकामा कोरोना महामारीको असरसमेत परेकाले यसलाई बढाएर २० प्रतिशतसम्म बनाउन सुझाव दिइएको छ ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालद्वारा आयोजित ‘शिक्षा बजेट कस्तो र कसरी ?’ विषयक भर्चुअल संवादमा पूर्व स्वास्थ्यमन्त्री तथा पूर्व शिक्षा सचिव विद्याधर मल्लिकले यो महामारीमा राष्ट्रिय कूल गार्हस्थ्य उत्पादन (जिडिपी)को ५.५ प्रतिशतसम्म शिक्षामा लगानी गर्नुपर्ने बताए । सन् २०२१ सम्ममा विद्यालयक्षेत्र सुधार कार्यक्रमले परिलक्षित गरेको लगानीका लागि पनि बजेट बढाउनुपर्ने उनले बताए । सरकारले यही जेठ १५ गते आर्थिक वर्ष २०७७/७८ को राष्ट्रिय बजेट प्रस्तुत गर्दैछ ।

शिक्षाविद् डा विनय कुसियतले हाल शिक्षाको वार्षिक बजेटमा करिब रु एक खर्ब २६ अर्ब अपुग रहेको स्थितिमा कोरोना महामारीपछि कक्षाकोठा र शिक्षक दरबन्दी थप्नुपर्ने हुँदा दातृ निकायसँग मागेर वा प्रगतिशील कर लगाएर भए पनि बजेट बढाउनु आवश्यक रहेको औंल्याए ।

उनले निजी वित्तअन्तर्गत विद्यार्थी शुल्क/अभिभावक, ऋण र सहयोग/सापटी, वैदेशिक सहयोग तथा अनुदान, बाह्य छात्रवृत्ति र गैरसरकारी संस्थाबाट आर्थिक जोहो गर्न सकिने जनाए । शिक्षामा निजीतर्फ ५६.२ र सरकारी स्रोत ४३.८ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ ।

संसद्बाट यही जेठ ६ गते पारित सरकारको नीति तथा कार्यक्रमले उच्च गतिको इन्टरनेट सुविधा विद्यालयमा जडान गर्नेबाहेक कोभिड-१९ लाई सम्बोधन नगरेकाले पनि बजेट वृद्धि आवश्यक रहेको उनको भनाइ छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव कृष्ण काप्रीले स्वास्थ्यपछि शिक्षालाई नै प्राथमिकतामा पर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको बताउँदै तत्काल पठनपाठन सामग्री उपलब्ध गराउने अर्थ मन्त्रालयमा रु एक करोड १२ लाख स्वीकृतिको चरणमा रहेको जानकारी दिए ।

# महामारीबाट मुक्त भई अर्थतन्त्र चलायमान बनाउने विश्वास

**वासुदेव पौडेल**
**हरि बाास्तोला/रासस**
काठमाडौं, १४ जेठ

गण्डकी प्रदेश सरकारले महामारीका रूपमा फैलिएको कोरोना भाइरसको महामारीबाट मुक्त हुँदै अर्थतन्त्रलाई चलायमान बनाउने नीति लिएको छ ।

गण्डकी प्रदेशसभाको आजको बैठकमा विनियोजन विधेयक २०७७/७८ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले कोरोना भाइरसका कारण अर्थतन्त्रमा नकारात्मक असर परेकाले आगामी बजेट विगतको भन्दा फरक ढङ्गले आउने बताए ।

कोरोना भाइरसको प्रभाव र असरलाई वस्तुगत विश्लेषण गर्दै आगामी बजेट आउने उल्लेख गर्दै उनले सङ्घ, प्रदेश र स्थानीय तहको सामूहिक प्रयासबाट यसको प्रभावकारी रोकथाम र नियन्त्रणमा सफलता हासिल गर्न सकिने बताए । मन्त्री गुरुङले कोरोना भाइरसले प्रभावित राष्ट्रिय अर्थतन्त्रलाई बचाउँदै पुरानै अवस्थामा फर्काउनुपर्ने असामान्य अवस्थालाई दृष्टिगत गरी बजेट तथा कार्यक्रम ल्याइने जानकारी दिए । उनले भने, “उपलब्ध साधन स्रोतको न्यायोचित वितरण, समावेशी विकासमार्फत आर्थिक, सामाजिक असमानताको अन्त्य गर्दै समाजवादोन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने सिद्धान्तमा आधारित भइ आगामी आवको बजेट तथा कार्यक्रम ल्याइने छ ।” अर्थतन्त्रका समग्र क्षेत्रका सम्बन्धलाई अग्रपृष्ठ सम्बन्ध कायम गर्दै वर्तमान अर्थतन्त्रलाई चलायमान बनाइने उनले बताए ।

मन्त्री गुरुङले सार्वजनिक खर्चलाई वित्तीय पारदर्शिता, मितव्ययीता र उत्तरदायित्वलाई कडाइका साथ पालना गराउँदै आर्थिक अनुशासन एवं वित्तीय सुशासन कायम गर्ने दिशामा आगामी बजेट तथा कार्यक्रम केन्द्रित हुने उल्लेख गर्नुभयो । स्वदेशी कच्चा पदार्थमा आधारित आन्तरिक उत्पादन बढाउने, आयात प्रतिस्थापन गर्ने, निर्यात बढाउने, स्वरोजगार तथा रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रमलाई अघि बढाउने सरकारको योजना छ ।

कोरोनाका कारण बन्दाबन्दीले रोकिएका निर्माणाधीन पूर्वाधार विकासका कार्यक्रम र चालू आवका महत्वपूर्ण रोकिएका विकास विकास निर्माणलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइने उल्लेख गर्दै मन्त्री गुरुङले प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना र दिगो विकास लक्ष्य, मध्यकालीन खर्च संरचना एवं नीति तथा कार्यक्रमअनुसार आगामी आवको नीति तथा कार्यक्रम ल्याइने बताए ।

सङ्घीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना एवं दिगो विकासको लक्ष्यसँग आगामी आवको बजेट तथा कार्यक्रमको तादात्म्यता मिलाइने उनले बताए । कोरोना भाइरसको रोकथाम र नियन्त्रणका कार्यक्रमलाई प्रभावकारी बनाइने उल्लेख गर्दै उनले क्वारेन्टिनको गुणस्तरीयता एवं क्षमता विस्तारका साथै सङ्क्रमितको उपचारलाई प्रभावकारी बनाउने बताए ।

मन्त्री गुरुङले जिल्ला अस्पतालमा क्षमता विस्तार गरी सघन उपचारकक्षको व्यवस्थाका साथै पर्याप्त पिसीआर परीक्षणको व्यवस्था गराइने, महामारीका कारणबाट रोजगार गुमाएका व्यक्तिका लागि स्वरोजगार तथा रोजगारी व्यवस्था गरिने, प्रशासनिक खर्चमा कटौती गरिने, प्रदेश सरकारको स्वीकृत दरबन्दीभन्दा बढी व्ययभार नहुने गरी प्रशासनिक संरचना खडा गरिने उल्लेख गर्दै पर्यटन क्षेत्र, यातायात कृषि, लघु, घरेलु तथा ठूला उद्योग व्यवसायीको वर्गीकरण जीवन्तता प्रदान गर्न बजेट विनियोजन गरिने गरी यस क्षेत्रमा विभिन्न कार्यक्रम ल्याइने बताए ।

भौतिक पूर्वाधार विकासका लागि प्रदेश गौरवका आयोजना, एक निर्वाचन क्षेत्र एक सडक, स्थानीय तहको केन्द्र र जिल्लालाई जोड्ने सडक, रणनीतिक महत्वका सडक विस्तारलाई निरन्तरता दिइने उल्लेख गर्दै उनले बृहत पोखरा चक्रपथ, प्रदेश बसपार्क र मेट्रो बसपार्कको सम्भाव्यता अध्ययन र निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेमा जोड दिए ।

## २ महिनापछि सुनचाँदीको मूल्य सार्वजनिक




**काठमाडौं/मस**-लकडाउनका कारण दुई महिनादेखि सार्वजनिक नगरिएको सुनचाँदीको भाउ बुधबारदेखि सार्वजनिक भएको छ । नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ बुधबारदेखि नियमित सुनचाँदीको दरभाउ प्रकाशित हुने जनाएको हो ।

अन्तराष्ट्रिय बजारमा सुनको मूल्य बढिरहँदा नेपाली बजारमा भने मूल्य सार्वजनिक नभएका कारण उपभोक्ता अन्योलमा परेको महासंघको ठहर छ । पुरानै दरभाउ सामाजिक संजालमा देखिँदा उपभोक्तालाई समस्या परेकाले फेरि दैनिक रूपमा सुनचाँदीको दर प्रकाशन गर्न लागेको हो । सूचनाको हक तथा उपभोक्ता संरक्षण अधिकारलाइ मनन गर्दै सोमबार बसेको महासंघको कार्यसमितिको बैठकले उक्त निर्णय गरेपछि बुधबारदेखि सुनचाँदीको भाउ सार्वजनिक भएको हो ।

बुधबार सुनको मूल्य प्रतितोला ७८ हजार ८ सय रुपैयाँ र चाँदी ७ सय ६४ रुपैयाँ छ । बैठकले अन्तराष्ट्रिय बजार मूल्यलाई आधार लिइ बुधबार सुनचाँदीको मूल्य कायम गरेको जनाएको छ ।

## कियाको निरो बुकिङ गरेकाले लकडाउन खुले लगत्तै चलाउन पाउने

**काठमाडौं/मस**–नेपालमा कियाको विद्युतीय गाडी निरो बुकिङ गरेका ग्राहकले लकडाउन खुलेलगत्तै उक्त एसयुभी चलाउन पाउने भएका छन् । नेपालका लागि कियाको एकल अधिकृत बिक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले लकडाउन खुलेलगत्तै बुकिङ गरेका ग्राहकलाई उक्त गाडी हस्तान्तरण गर्ने तयारी गरेको छ । उक्त गाडीको कन्साइनमेन्ट (खेप) कोरियाबाट नेपालका लागि एक हप्ता अगाडि नै चलान भइसकेको छ । लकडाउन खुल्दासम्म गाडी नेपाल आइसक्ने भएकोले कम्पनीले बुकिङ गरेका ग्राहकलाई गाडी नेपाल आइपुग्नेबित्तिकै हस्तान्तरण गर्ने योजना बनाएको हो । एकपटकको फुल चार्जमा ४८० किलोमिटरसम्म गुड्ने उक्त एसयुभी नेपाली कार पारखीले निकै रुचाएर बुकिङ गरेका छन् । यसमा ६४ किलोवाट क्षमताको ब्याट्री प्याक जडान गरिएको छ । यसको १५० किलोवाटको इलेक्ट्रिक मोटरले २०१ बिएचपी पावर र ३९५ एनएम टर्क उत्पादन गर्छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**